**निर्णयहरु :**

१. नेपाल सरकार गृह मन्त्रालयको प.सं.२०७९/८० च.नं. ८६ मिति २०७९।८।१६, प.सं.२०७९/८० योजना च.नं. १८९ मिति २०७९।१।१८ र पत्र संख्या शा.सु. ०७९/०८०/३ च.नं. १०१६ मिति २०७९।९।२१ का पत्रहरुवाट लेखि आएका धेरै बिषयहरु बहु-सरोकारका भएकाले आजको बैठकमा प्रस्तुती गरि जानकारी आदान प्रदान गरियो । सम्वद्ध कार्यालय प्रमुखले यि बिषयलाई महत्वका साथ कार्यान्वयन गर्ने प्रतिवद्धता गरियो ।

२. जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७९।४।१५ को बैठकको निर्णयमा मनसुन जन्य विपद् प्रभावित निजी आवास पुर्ननिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि २०७७ र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुर्ननिर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ बमोजिम स्थानीय तहले प्रारम्भिक कार्य गरी प्रकृया पुरा गरि सिफारिस गर्ने भनिएकोमा सो अनुसार हालसम्म भएको नपाइएकाले यि निर्देशिका बमोजिम गर्न पर्ने कार्य भए यथाशिघ्र अगाडी बढाउने प्रतिवद्धता स्थानीय तहका प्रमुखहरुवाट गरियो ।

३. निस्दी गाउँपालिका वडा नं. ३ क्यामरुङ्को बस्तीमा मिति २०७९।६।२१ मा पहिरोको कारण बस्ती पुर्ननिर्माण, गर्नु पर्ने देखिएको र स्थानान्तरण गर्न आवश्यक छ छैन अध्ययन गराई निस्दी गाउँपालिकाले ठोस योजना तर्जुमा गरी सिफारिस पठाउने साथै जिल्ला प्रशासन कार्यालयको पत्र संख्या २०७९/८०, च.नं. १११६, मिति २०७९।७।३ को पत्रवाट गृह मन्त्रालयमा प्रतिवेदन गरिएको हुंदा केन्द्रमा पहल गरी भौगर्भिक विज्ञवाट अध्ययनको व्यवस्था संघीय व्यवस्थापिकाका यस जिल्लाका माननीयहरुले पहल गर्ने ।

४. पाल्पा जिल्लाका वनजंगलमा आगलागीका घट्नाहरु विगतमा अत्याधिक हुने गरेकोमा गतबर्ष धेरै न्यूनिकरण गर्न सकिएकोलाई दृष्टान्तमा लिई डिभिजन वन कार्यालयले समन्वय गरी अहिले देखि नै पूर्वतयारी र सजगता अपनाउने । यो पौष, माघको जाडो यामको चिसोलाई विचार गरी विपन्न वर्गको लागि दाउराको व्यवस्था डिभिजन वन कार्यालयले सामुदायिक वनहरुसंग समन्वय गरी झाडी तथा कमसल मूल्यका बोटका दाउरा लक्षित वर्ग/समुदायलाई उपलब्ध गराउने । न्यानो लत्ता कपडाको अभावमा चिसोमा कठ्याङ्ग्रीन नपरोस भन्नका लागि सरोकारवाला संग समन्वय गरी अति विपन्नलाई न्यानो कपडाको व्यवस्था गर्न स्थानीय तहहरुले गर्ने ।

५. चालु आ.ब. २०७९/८० को श्रावण १ गते देखि हालसम्म जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट वितरण गरिएको विपद् घट्नामा परी मृत्यु भएका २ जनाका आफन्तलाई प्रदान गरिएको राहत रु ४,००,०००।-, विभिन्न विपद् घट्नामा परेका परिवार संख्या ४६ परिवार (निस्दी ३ क्यामरुङ्का ३८ समेत) लाई राहत प्रदान भएको रु ५,९२,५००।-, कोभिड-१९ संक्रमणबाट मृत्यु भएका १६० जना व्यक्तिको परिवारलाई प्रदान गरिएको राहत रु १,६०,००,०००।- गरी जम्म रकम रु १,६९,९२,५००।- (एक करोड उनान्सत्तरी लाख बयानब्बे हजार पाँच सय) अनुमोदन गर्ने निर्णय गरियो ।

६. आजको बैठकमा भएका प्रश्तुती, छलफल, राय, सुझाव अनुसार जिल्लाको पूर्वाधार विकास निर्माण, योजना कार्यक्रम कार्यान्वयनलाई गुणस्तरीय, पारदर्शी रुपमा समयसीमा भित्र सम्पन्न गर्न सम्बन्धित कार्यालय प्रमुखहरुले कार्य प्रभावकारीता बढाउने । नीतिगत, कानूनी, बजेट र जनशक्ति व्यवस्थाका लागि माननीयज्यूहरुले पहल र सहजीकरण गरिदिने । विकास निर्माणमा राजनीतिक दलहरुले निगरानी र

सहजीकरण निरन्तर गरिदिने, संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका योजना कार्यक्रममा परस्पर समन्वय र सहकार्यमा प्रभावकारीता अभिवृद्धि गर्ने ।

७. जिल्लाका सबै सार्वजनिक निकायहरुवाट प्रदान हुने सेवालाई सरलीकरण र सुधारका नवप्रवर्द्धनात्मक उपायहरु अवलम्वन गरी सेवाग्राहीलाई सन्तुष्टी हुने गरी र सार्वजनिक निकाय प्रतिको विश्वास र भरोसा अभिवृद्धि गर्ने ।

८. स्थानीय तहहरुबाट जग्गाको वर्गिकरण गरी मालपोत कार्यालयमा पठाउन बाँकी रहेको हकमा यथाशिघ्र वर्गिकरण गरी पठाउने र विशेष नापी कार्यालयवाट नया नांपजाच भई जग्गा धनी पूर्जा वितरण भएकाको नया नापजाच अनुसार कार्यान्वयनको कार्य मालपोत कार्यालयले गर्ने ।

९. जिल्ला प्रशासन कार्यालयमा विद्युतीय राहदानी Live Enrollement को लागि एउटा मात्र उपकरण सेट भएकाले थप एक सेट उपलब्ध हुन सकेमा र ईलाका प्रशासन कार्यालय रामपुर पाल्पामा राष्ट्रिय परिचयपत्र र विद्युतीय राहदानीका लागि एक/एक सेट उपकरण सहित स्टेशन सेवाको व्यवस्था भएमा पाल्पा जिल्लाका जनताले पालो पर्खन नपर्ने र पूर्वी पाल्पा भेगका सेवाग्राही सदरमुकाम धाउन नपर्ने हुंदा संघीय माननीयहरुले सम्बन्धित निकायमा पहल गर्ने ।

१०. यस पाल्पा जिल्लामा ८५ % घर परिवार स्वास्थ्य विमामा आवद्ध भएका, विगतमा निजी मेडिकल कलेजमा पनि सो को उपचार सुविधा पाएकोमा हाल बन्द हुंदा स्वास्थ्य उपचारको लागि लामो समय लाइन लाग्नु पर्ने र मौलिक हकको रुपमा रहेको आधारभूत स्वास्थ्य सेवा सरल र सहज रुपमा उपलब्ध गराउन पूर्ववत रुपमा उपचार व्यवस्था हुन संघीय व्यवस्थापिकाका माननीयहरुले प्रभावकारी पहल गर्ने ।

११. स्वास्थ्य बिमा गरेका विरामीहरु सरकारी/सामुदायिक अस्पताल/निजी मेडिकल कलेज तथा अस्पतालमा जादा नियमित र जीवनभर औषधी सेवन गर्न पर्नेलाई अस्पतालहरुले बढीमा एक/एक महिनाको मात्र औषधी दिने गरेका र हरेक पल्ट रेफर लिन पर्दा विरामीलाई थप कष्ट पुगेकाले यस्ता विरामीलाई पटक पटक रेफर आवस्यक नपर्ने व्यवस्थाका लागि स्वास्थ्य बिमा वोर्डमा माननीयहरुवाट प्रभावकारी पहल गर्ने ।